आर्थिक वर्ष २०७५/७६ को
नीति, बजेट तथा कार्यक्रम पुस्तिका

नागार्जुन नगरपालिका
काठमाडौं जिल्ला
प्रदेश नं. ३

विषय-सूची

१	परिचय	
२.	नागार्जुन नगरपालिकाको आ.व. ०७५/०७६ को नीति, कार्यक्रम तथा बजेट सम्बन्धी नगर प्रमुख श्री मोहन बहादुर बस्नेतज्यूको मन्तव्य	१-३
३	नागार्जुन नगरपालिकाको आ.व. ०७५/०७६ को नीति, कार्यक्रम तथा बजेट सम्बन्धी नगर उप प्रमुख श्री शुशिला अधिकारीज्यूबाट पेश गर्नु भएको बजेट, नीति तथा कार्यक्रम	४-१९
४	नगर सभाको नीतिगत निर्णयहरु	२०-२२
५	आ.व. २०७५/७६ को आय व्यय अनुमानको विवरण अनुसूची १	२३
६	आ.व. २०७५/७६ को राजश्व तथा अनुदान प्राप्तीको अनुमानको विवरण अनुसूची २	२४
७	आ.व. २०७५/७६ को व्ययको विवरण अनुसूची ३	२५-२९
८	आ.व. २०७५/७६ को वित्तिय अनुमानको विवरण अनुसूची ४	३०
९	आ.व. २०७५/७६ को कार्यक्षेत्रगत व्ययको विवरण अनुसूची ५	३१-३३
१०	आ.व. २०७५/७६ को स्वीकृत कार्यक्रम तथा बजेटको विवरण अनुसूची ६	३४-६०
११	आ.व. २०७५/७६ को प्रदेश स्तरिय योजना तथा कार्यक्रमको विवरण	६१
१२	आ.व. २०७५/७६ को बार्षिक विकास कार्यक्रम स्वीकृत फाराम, प्रदेश र योजना बैंक समेतको विवरण अनुसुची ७	६२-८१
१३	आ.व. २०७५/७६ को सेवा शुल्क कर दस्तुर सम्बन्धि विवरण अनुसूची ८	८२-१०७
१४	नागार्जुन नगरपालिकाको सडक मापदण्ड विवरण अनुसुची ९	१०८-११०
१५	आ.व. २०७४/७५ को आय व्यय विवरण अनुसूची १०	१११-११२
१६	आ.व. २०७५/७६ को नागार्जुन नगरपालिकाको तालिमा गोष्ठीको खर्च सम्बन्धि मापदण्ड विवरण अनुसूची ११	११३
१७	आ.व. २०७४/७५ मा नगरपालिकामा भित्र सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको विवरण अनुसूची १२	११४-१४५
१८	नागार्जुन नगर कार्यपालिकाको संगठन संरचना	१४६
१९	नागार्जुन नगर कार्यपालिकाको जनप्रतिनिधिहरुको विवरण	१४७
२०	नागार्जुन नगरपालिकाको केन्द्रिय कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण	१४८
२१	नागार्जुन नगरपालिकाको वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण	१४९-१५०
२२	नागार्जुन नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुको विवरण अनुसुची १३	१५१-१५४
२३	नागार्जुन नगरपालिका भित्रका स्वास्थ्य केन्द्रमा कार्यरत कर्मचारी तथा स्वयमसेविकाहरुको विवरण	१५५-१५७
२४.	आ.व. ०७५/७६ को नगर सभाको निर्णय सार्वजनिकिकरण देखि नगर सभा सम्मको उपस्थिति विवरण	१५८-१८०
२५.	नागार्जुन नगरपालिकाको आर्थिक ऐन २०७५	१८१
२६.	नागार्जुन नगरपालिकाको विनियोजन ऐन २०७५	१८२-१८३
२७.	संघीय सरकारबाट प्राप्त १४ करोड ९६ लाखको कार्यक्रम तथा बजेट विवरण	१८४-१८८

नागार्जुन नगरपालिका एक परिचय

नागार्जुन नगरपालिका नेपाल सरकारको मिति २०७१ मंसिर १६ को निर्णय अनुसार साविक ५ वटा गा.वि.स. मिलाई नगरपालिका घोषणा भएकोमा संघिय संरचना अनुसार नेपाल सरकारको मिति २०७३ साल फागुन २७ गतेको निर्णयले नागार्जुन नगरपालिका नगरकार्यपालिकाको गठन भएको हो ।

- नगरपालिकाको क्षेत्रफल : २९.८ बर्ग कि.मि रहेको छ ।

- उत्तरी अक्षांश : २७°४०' देखि २७°४४'

- पुर्वी देशान्तर : ८५°१२' देखि ८५°१७'

- औषत उचाई : समुद्र सतह देखि १३०० देखि २५०० मि. रहेको छ ।

नागार्जुन नगरपालिका मित्रका वडा कार्यालयहरू:

हालको न.पा. वडा नं.	वडा कार्यालयको फोन नं.	साविक न.पा. का वडाहरू	साविक गा.वि.स. का वडा हरू	साविक गा.वि.स. का नाम
वडा नं. १	०१-५१३९१८०	वडा नं. १	वडा नं. ७, ८ ९	इचंगुनारायण
वडा नं. २	०१-४८९०४५९	वडा नं. २	वडा नं. ५, ६	इचंगुनारायण
वडा नं. ३	०१-४०३५५९१	वडा नं. ३	वडा नं. १, २, ३, ४	इचंगुनारायण
वडा नं. ४	०१-४२७१९९२	वडा नं. ४	वडा नं. १, २, ४	सितापाईला
वडा नं. ५	०१-४२७९११६	वडा नं. ५ र ६	वडा नं. ३, ५, ६, ७, ८ र ९	सितापाईला
वडा नं. ६	०१-४०३७६४०	वडा नं. ७ र ८	वडा नं. ४, ५, ६, ७, ८, ९	रामकोट
वडा नं. ७	९८५१११४४२७	वडा नं. ९ र १४	वडा नं. १, २, ३ र ७, ८,९	रामकोट, स्यूचाटार
वडा नं. ८	०१-५२१५०४१	वडा नं. १० र ११	वडा नं. १ - ९	भिमढुंगा
वडा नं. ९	०१-४०३४२२२	वडा नं. १२	वडा नं. १, ३, ६	स्यूचाटार
वडा नं. १०	०१-५१९८०३२	वडा नं. १३	वडा नं. २, ४, ५	स्यूचाटार

राष्ट्रिय जनगणना २०६८ अनुसार नगरपालिकाको घरधुरी संख्या १६७४६ छ भने कूल जनसंख्या ६७४२० रहेको छ । जसमध्ये पुरुष ३४०६४ (५०.२५%) र महिला ३३३५६ (४९.७५%) रहेको छ । अधिराज्यका अन्य भागबाट समेत क्रमिक रुपमा बसाई सर्ने प्रवृत्ति भईरहेको हुँदा यहाँ विभिन्न जाति तथा धर्मालम्विहरुको वसोवास पाईन्छ । नेवार, बाहुन मगर, सन्यासी तथा क्षेत्री जातिको बाहुल्यता रहेको यस नगरपालिकामा अधिकांश जनसंख्या हिन्दु र वौद्ध धर्म मान्ने गर्दछन् । औषत घरपरीवार संख्या ४.२१ छ भने लिङ्ग अनुपात ०.९८ रहेको छ । यस नगरपालिकामा प्रति वर्ग कि.मी. ५३६.४ को वसोवास रहेको छ ।

कुल जनसंख्या	: ६७४२०
पुरुष	: ३४०६४
महिला	: ३३३५६
कुल घरधुरी संख्या	: १६७४६
प्रति परिवार औषत संख्या	: ४.२१
लिङ्ग अनुपात	: ०.९८
जनसंख्या घनत्व(प्रति वर्ग कि.मी.)	: २२६२.४२

नगर क्षेत्र भित्र रहेका केहि महत्वपूर्ण ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरुको नामावली

१. नागार्जुन जामाचो
२. इचुगनारायण मन्दिर
३. पचलि भैरब
४. हलचोक आकाश भैरव
५. विर भगवति
६. विष्णु देव (दिपंखा मेला)
७. बद्री नारायण
८. सीतापाईला मन्दिर
९. हरिसिद्धि मन्दिर
१० आदेश्वर मन्दिर
११. ह्वाईट गुम्बा
१२. गणेशमान स्मृति पार्क
१३. बद्री नारायण धाम
१४. स्वीजल्याण्ड पार्क
१५. भिसेनस्थान भिमढुङ्गा
१६. पुष्पलाल पार्क
१७. हसन्टार गुम्बा
१८. भुवनेश्वरी मन्दिर
१९. पञ्चकन्या मन्दिर
२०. तारकेश्वर मन्दिर
२१. कोटश्भैरव मन्दिर
२२. जनकल्याणेश्वर मन्दिर
२३. केदारनाथ मन्दिर
२४. चुनदेवी मन्दिर
२५. राधाकृष्ण मन्दिर
२६. बगलामुखि मन्दिर
२७. सरस्वती मन्दिर
२८. गणेश मन्दिर
२९. घाटकीदेवी मन्दिर
३०. सेतीदेवी कालीदेवी मन्दिर
३१. कौडु भगवती मन्दिर
३२. शान्तेश्वर महादेव मन्दिर
३३. घ्याम्पे कुवा
३४. कृष्ण मन्दिर
३५. कुमारी मन्दिर
३६. विन्दबासिनी मन्दिर
३७. ईन्द्रिणी मन्दिर
३८. कालिदेवी मन्दिर
३९. कमलेश्वर मन्दिर
४०. घुन्सा पार्क
४१. कोदार देवी मन्दिर
४२. नाग मन्दिर
४३. शहिद पार्क (प्रदुन्न शालिक)
४४. स्यूचटार कमल पोखरी
४५. स्यूचटार हवाई मैदान
४६. श्यामेश्वर महादेव मन्दिर
४७. मोती देवी पार्क
४८. रानीपाटी
४९. उग्रेन ड्यावा छयोलिङ गुम्बा
५०. कल्पेश्वर महादेव
५१. मनकामना मन्दिर
५२. सेतो कुवा
५३. नारायण मन्दिर रामकोट

नागार्जुन नगरपालिकाका नगरप्रमुख श्री मोहन बहादुर बस्नेतज्यूबाट मिति २०७५/०३/१० गतेको दोश्रो नगर सभामा प्रस्तुत मन्तव्य

डोरमणी पौडेल
मुख्य मन्त्री
प्रदेश नं. ३
मितिः २०७५ आषाढ २२ गते शुक्रबार
सार्वजनिकिकरण कार्यक्रम

माननीय प्रदेश सभा सदस्य श्री अष्ट लक्ष्मी शाक्यज्यू,
माननीय प्रदेश सभा सदस्य श्री केशव प्रसाद पोखरेलज्यू,
माननीय प्रदेश सभा सदस्य श्री प्रकाश श्रेष्ठज्यू,
नगरसभा सदस्यहरुज्यूहरु, स्थानीय राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु,
बुद्धिजीवि वर्ग, नगरपालिकाका सम्पुर्ण कर्मचारीहरु नागार्जुन बासी आमाबुवा दाजु भाई तथा दिदीबहिनीहरु

सर्वप्रथम यस महत्वपूर्ण घडीमा देशका विभिन्न लोकतान्त्रिक आन्दोलनमा आफ्नो जीवन वलिदान गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

नेपाल सरकारको मिति २०७१ मंसिर १६ को निर्णयानुसार साविकमा ५ वटा गाउँ विकास समितिहरुलाई मिलाएर नागार्जुन नगरपालिकाको गठन भएको हो । यस नगरपालिकाको क्षेत्रफल २९.८ वर्ग किलोमिटर फैलिएको छ । यस नगरपालिकामा जम्मा घरधुरी संख्या १७,७४६ रहेको र पचहत्तर हजार भन्दा बढी जनासंख्याको बसोबास रहेको छ । संघीय संरचना कार्यान्वयन गर्ने क्रममा नेपाल सरकारको मिति २०७३ चैत्र २७ गतेको निर्णयानुसार नागार्जुन नगरपालिका स्थानीय तहको रुपमा गठन भई स्थानीय सरकारका रुपमा रहेकोले संविधानले प्रदान गरेको अधिकारको सीमाभित्र रही कर लगाउन र उठाउन, कानून निर्माण गर्न र आफैले छनौट गरेको विकास गर्न अधिकार सम्पन्न छौं । नगरका सबै काम कारवाहीहरु नयाँ सोच र योजनाका साथ व्यवस्थित गर्ने दृष्टिकोणका साथ यो नगर सभा महत्वपूर्ण संरचना भएको व्यहोरा समेत स्मरण गराउन चाहान्छु ।

२०७४ बैशाख ३१ गते प्रथम ऐतिहासिक स्थानीय तहको निर्वाचनबाट तमाम नगरवासी आमाबुवा, दाजुभाइ तथा दिदीवहिनीहरुको अपार माया ममता हामीले प्राप्त गरेका छौं । हामीलाई समयले सुम्पिएको साझा अभिभारा र कर्तव्य पुरा गर्नको लागि नेपालको सविधानले स्पष्ट रुपमा स्थानीय तहका काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको छ । जननिर्वाचित प्रथम नगर प्रमुखको हैसियतबाट तेश्रो नगरसभा आ.व. २०७५/७६ को वार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माण तथा कार्यान्वयन गर्ने विशिष्ट जिम्मेवारी प्राप्त भएकोमा सबै नगरवासी प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

नगरवासीहरुले हामीलाई निर्वाचित गरी पठाएको १३ महिना पुरा भएको छ । यस बीचमा हामीले एक आर्थिक वर्ष पार गरेका छौं । निर्वाचित भएको यस अवधिमा हामीले गहन चिन्तन गर्दै नगरपालिकालाई नयाँ गोरेटोमा डोऱ्याउने प्रयास गरेका छौं । पूर्वाधार निर्माणका क्षेत्रमा धेरै ठाउँमा ढल निर्माणका कार्यहरु, सडकको स्तरोन्नती, खानेपानीका पाईप विक्ष्याउने लगायतका कार्य भएका छन् भने नगरपालिकालाई स्थानीय सरकारका रुपमा प्रभावकारी ढंगले संचालन गर्नका लागि न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि ऐन, नगर शिक्षा ऐन लगायत १७ भन्दा बढी ऐन, नियम, कार्यविधि, निर्देशिकाहरु निर्माण गरी कार्यान्वयनमा ल्याएका छौं ।

काठमाडौं उपत्यकाको महत्वपूर्ण स्थानमा अवस्थित यस नगरपालिकाका धेरै अवसरहरु रहेका छन् । पूर्वी क्षेत्रमा विशाल काठमाडौं महानगरपालिका, पश्चिम क्षेत्रमा धादिङ्ग जिल्ला, उत्तरी क्षेत्रमा तारेकेश्वर नगरपालिका, दक्षिणी सिमानामा चन्द्रागिरी नगरपालिका रहेका छन् भने धार्मिक रुपमा चार नारायण मध्येका प्रसिद्ध इचंगुनारायण मन्दिर

रहेको छ भने पर्यटकीय क्षेत्रहरुमा नागार्जुन राष्ट्रिय निकुञ्ज, नागार्जुनको शिर जामाचो, सेतो गुम्बा, स्विजरल्याण्ड पार्क, भिमसेन थान र स्यूचाटार ईलाकाको व्यापारिक तथा आवासीय क्षेत्रहरुले सृजना गरेका सम्भावनालाई व्यवस्थित गर्न सकेमा हामी नमूना नगरपालिका बन्ने तर्फ नजिक हुनेछौं ।

नगरपालिका संचालनको दोस्रो वर्षमा प्रवेश गर्दैगर्दा हामीले अनुभव गरेका अनेकौं समस्यहरुको अझै पनि निराकरण गर्न नसकिएको अवस्था रहेको छ । कार्यालयको दैनिक काम कारवाही संचालन गर्न आफ्नै कार्यालय भवन नहुँदा अत्यन्त समस्या भएको छ । एउटै छानोमुनी रहेर सेवा प्रवाह गर्नुपर्ने र विभिन्न विषयगत शाखाहरु समेतको आफ्नो छुट्टै भवन नभई अन्यत्रै रही सेवा प्रवाह गर्नु पर्ने भएको छ । प्रत्येक वडामा सव-ईन्जिनियरको दरवन्दी भएतापनि पर्याप्त प्राविधिक जनशक्तिको अभावले सोच अनुरुप सेवा प्रवाहमा गर्न सकिएको छैन । सार्वजनिक तथा पर्ती जग्गाको बढ्दो अतिक्रमणलाई ब्यवस्थित रुपमा रोक्न नसक्दा तिनको संरक्षणमा कठिनाई भएको छ र सार्वजनिक जग्गामा हडेपेर बस्नेहरुलाई १५ दिन भित्र सार्वजनिक सूचना गरी सार्वजनिक जग्गा खाली गर्ने निर्णय भएको छ । नगरभित्र रहेका करदाताहरुको उपयुक्त पहिचान हुन नसक्दा कर छलि गर्ने प्रवृत्ति बढेको छ । यी समस्याहरुलाई चिर्दै आगामी आ.व. देखि उल्लेखित समस्याको सम्वोधन गर्ने गरी कार्य संचालन गर्नको लागि नेपालको संविधानको भाग ४ मा उल्लेखित राज्यको निर्देशक सिद्धान्त तथा नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्यप्रणाली, अनुसूची-८ वमोजिमका स्थानीय तहको अधिकारको सूचि, अनुसूची-९ वमोजिमको संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार संचालन ऐन-२०७४, राजस्व परामर्श समितिको प्रतिवेदन, श्रोत तथा बजेट सीमा निर्धारण समितिको श्रोत अनुसार र प्राथमिकता एवं संघ र प्रदेश सरकारका नीति निर्देशन तथा कानूनहरुलाई मनन् गर्दै सहभागितामूलक योजना तर्जुमाका ८ वटै चरण अन्तर्गतका प्रकृया पुरा गरी टोल वस्तीका नगरवासीहरु देखि लिएर विभिन्न विषयका वौद्धिक व्यक्तित्व लगायत सबै सरोकारवालाहरु एवं माननीय सांसदज्यूहरु, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु लगायत जनप्रतिनिधिहरुको घनिभूत छलफलका आधारमा पास गरिएका नीति तथा कार्यक्रममा उल्लेख गरे वमोजिमको वजेट तयार गर्ने प्रयत्न गरिएको छ । सो बाट नगरवासीको अपेक्षामा केहि केहि टेवा पुऱ्याउने आशा गरेको छु ।

यो वजेट तथा कार्यक्रम एक आ.व.को लागि मात्र हुनेछ । हाम्रो नगरपालिकालाई एउटा नमूना नगरको रुपमा विकास गर्ने प्रतिवद्धताको यो शुरुवात मात्र हो । यसका लागि हामीले अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजनाहरु तर्जुमा गरी सो योजनामा उल्लेखित लक्ष्य हासिल गर्न तद अनुरुपको कार्यक्रमलाई कार्यान्वयन गर्न जरुरी छ । चालु आर्थिक वर्षमा माथि उल्लेखित प्राथमिकताहरुसँगै देहायका लक्ष्यहरु प्राप्त गर्न समेत कार्य आरम्भ गरिने छ । त्यस्ता योजनाहरु देहाय बमोजिम छन् ।

अन्य भावि लक्ष्यहरुः-

१. प्राविधिक विद्यालयको स्थापना गर्ने ।
२. शिवपुरी राष्ट्रिय निकुञ्जको सिमाना नागार्जुन जंगलको सिमाना हुँदै पद मार्ग तथा साईक्लिङ्ग मार्गको विकास गरि पर्यटन प्रवर्धन गर्ने ।
३. खुल्ला चौर तथा सामुदायिक वनलाई संरक्षण गरी पर्यटकिय पुर्वाधारको रुपमा विकास गर्ने ।
४. नगरभित्रका ऐतिहासिक धरोहरहरुको पुननिर्माण तथा जिर्णोद्धार गरी जिवन्त राख्ने ।
५. सास्कृतिक पहिचानलाई जिवन्त राख्न विषेश कार्यविधि तर्जुमा गरि कार्यान्वयनमा ल्याउने ।
६. उचित स्थानमा कार्यालय भवन निर्माण गर्ने ।
७. नगरभित्र नगरस्तरिय चक्रपथ (रिङ्गरोड) निर्माण गरि नगरवस सेवा संचालन गर्ने ।
८. नगरलाई देश तथा विदेशमा चिनाउन अन्तरनगर भगिनी सम्वन्ध स्थापनाको लागि आवश्यक व्यवस्था मिलाउने ।

९. नगरभित्रका सबै सार्वजनिक सम्पत्तिहरुको अभिलेखन गरि नगरपालिका मातहत ल्याई सवै नगरवासीको उच्चतम हितमा लगाउने व्यवस्था मिलाउने ।

१०. नगरपालिका क्षेत्रलाई आवासिय क्षेत्रको रुपमा विकास गर्ने लक्ष्यव लिएका छौं ।

अन्तमा,

नागार्जुन नगरपालिकाको दोस्रो सभाको नीति, बजेट तथा कार्यक्रम सहितको पूर्ण विवरण अविलम्ब यस नगरपालिकाको Website का माध्यमबाट समेत सर्वजनिक गरिने छ । साथै नीति तथा कार्यक्रम एवं वजेटको पूर्ण विवरण, नगरविकास योजना तर्जुमा प्रस्तुतिका आधार तथा लिइएको नीतिहरुको विस्तारित खाका प्रमुख अतिथिज्यू, अन्य अतिथिज्यूहरु, तमाम नगरवासी आमावुवा दाजुभाई दिदीबहिनीहरु, सुरक्षाकर्मीहरु, पत्रकार, कर्मचारी लगायत सबैमा हार्दिक आधार सहित धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद ।

(मोहन बहादुर बस्नेत)
नगर प्रमुख
१०, आषाढ २०७५

नागार्जुन नगरपालिकाको उपप्रमुख श्री सुशिला अधिकारीद्वारा मिति २०७५।०३।१० प्रस्तुत नीति, बजेट तथा कार्यक्रम

नगर सभाका सभापति नगर प्रमुख श्री मोहन बहादुर बस्नेतज्यू,
माननीय प्रदेश सभा सदस्य श्री अष्ट लक्ष्मी शाक्यज्यू,
माननीय प्रदेश सभा सदस्य श्री केशव प्रसाद पोखरेलज्यू,
माननीय प्रदेश सभा सदस्य श्री प्रकाश श्रेष्ठज्यू,
नगरसभा सदस्यज्यूहरु, स्थानीय राजनैतिक दलका प्रमुख एंव प्रतिनिधिज्यूहरु, वुद्धिजीवि वर्ग, नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु

नीति तथा कार्यक्रमका विशेषताहरु तर्फः

नागार्जुन नगरपालिकाको सुखि नेपाली संवृद्ध नेपाल भन्ने नारा सहित विभिन्न गतिविधिहरु नगरवासीका हितमा लोक कल्याणकारी अवधारणा, संविधानले परिकल्पना गरेको समाजवाद तर्फको यात्रा र विकासको क्रममा आर्थिक, सामाजिक र सांस्कृतिक रुपमा पछाडी परेका समुदायहरुलाई प्रथामिकतामा राखी तयार पारिएको छ। सुशासन लोकतन्त्रको आधारस्तम्भव भएकोले नागार्जुन नगरपालिकाको कार्यहरुमा पारदर्शिता, आर्थिक सुशासन तथा सामाजिक न्यायलाई अङ्गिकार गर्दै भ्रष्टाचारमुक्त शासन व्यवस्थाको सुनिश्चितता गरिनेछ। स्थानीय जनताको जीवनस्तर माथि उकास्न स्थानीय ज्ञान, सीप र क्षमतालाई प्रश्रय दिने नीति अवलम्बन गरिने छ। राष्टूको सांस्कृतिक धरोहर मानिने सम्पदा र संस्कृतिलाई सम्बर्धन एवं प्रबर्धन गर्ने नीति मार्फत नागार्जुन नगरपालिकाका कार्यक्रमहरु निर्देशित हुनेछन्। नागार्जुन नगरपालिकाका निर्माणको कार्यमा समुदाय, सहकारी, गैरसरकारी, नागरिक समाज तथा नीजि क्षेत्र जस्ता साझेदार संघ, संस्थाहरुको सहकार्य आवश्यक हुने हुनाले सहभागितामूलक साझेदारीलाई प्रश्रय दिने र बहू लगानीको सम्भावना बढाउने कार्यहरुलाई प्राथमिकताका साथ पारित हुन नगर सभा समक्ष पेश गरेको छु।

गत बर्ष सम्पन्न स्थानीय चुनाव पछिको यो दोश्रो नीति तथा कार्यक्रम हो। अघिल्लो वर्ष पारित गरिएको नीति तथा कार्यक्रमलाई मूर्त रुप दिनको लागि आवश्यक स्थानीय ऐन तथा नियमावली तयार गर्नुका साथै दीर्घकालीन महत्वका कार्यहरुको शुरुवात हुन लागेको जानकारी गराउन चाहन्छु। यस नगरपालिकाको नीति योजना तथा कार्यक्रमहरु पहिचान गर्ने, नीतिगत निर्णय गर्ने, कानूनी प्रबन्ध गर्ने तथा कार्यान्वयनलाई प्रभावकारी रुपमा कार्यम्पादन गर्न नगरसभा, नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समितिहरु, वडा अध्यक्ष तथा वडा सर्मित, विज्ञ सल्लाहकारहरुर आवश्यकतानुसारकोकर्मचारी संयन्त्रबाट कार्य भई आएको व्यहोरा अवगत नै छ। यस नगरपालिकाद्धारा सम्पादित कार्यहरुमा स्थानीय राजनीतिक दल, बुद्धिजिवी, स्वयमसेवी, नागरिक समाज र आम संचारको भूमिका अझ महत्वपूर्ण रहेको छ। यी सबै पक्षलाई ध्यान दिई नेपालकोसंविधान, स्थानीय सरकारसंचालन ऐन, २०७४ विभिन्न विषयगत कानूनहरु, नेपाल सरकारकोनीति तथा कार्यक्रम, चालु आवधिक योजना, दिगो विकास लक्ष्य र विभिन्न व्यक्तित्वहरुबाट प्राप्त सुझावहरु समेतलाई आत्मसात गरि आ.व.२०७५/०७६ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ। यस नगरपालिकाबाट सम्पादन हुने कार्यहरु समन्वय, सहकार्य, साझेदारी, सम्प्रेषण र अनुगमनलाई मूख्यआधार बनाई पारित हुन नगर सभा समक्ष पेश गरेको छु।।

यस नगरपालिकाको आवश्यकता तथा नगरवासीको चाहनालाई आत्मसात गर्दै हरेक बर्ष कुनै न कुनै विकासका नयाँ अवधारणा तथा मोडलहरु ल्याइनेछ र यो बर्ष उक्त अवधारणा तथा मोडलहरुलाई मूर्तरुप दिन विशेष कार्यक्रमहरुको आयोजना गरिनेछ। आगामी आर्थिक वर्ष पूर्वाधार विकासको बर्ष मनाउन नगर सभा समक्ष पेश गरेको छु।म कर निर्माण, करको दायरा विस्तार र राजश्व चुहावट नियन्त्रणलाई प्रभावकारी बनाइनेछ।

बिषयगत नीतिहरु तर्फः

क) सुशासन नीति तर्फः

१) यस नगरपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवालाई स्वच्छ, पारदर्शी र सेवाग्राही मैत्री बनाईने छ । प्रशासनिक स्वच्छता र निष्पक्षता नागार्जुन नगरपालिकाको ध्य हुनेछ । कर्मचारी हाम्रा लागि भन्ने कार्यक्रमको थालनी गरी सेवा मैत्री वातावरण निर्माण गरिनेछ । साथै मुस्कान सहितको सेवा प्रदान गरी जहा दर्ता त्यहिबाट प्राप्तीको नीति अगाडि बढाउन नगर सभामा पेश गरेको छु ।

२) भ्रष्टाचार नियन्त्रण गरी दण्डहिनताको अन्त्य गरिनेछ । यस नगरपालिकाको सेवा प्रवाहमा कानून उल्लंघन गर्ने र जनउत्तरदायित्व वहन नगर्ने कर्मचारी उपर कडा कारवाही गरिनेछ । सुशासन पर्वधनको लागि नगरवासीसंग कर्मचारी भन्ने कार्यक्रम सञ्चालन गराउन नगर सभामा पेश गरेको छु ।

३) भ्रष्टाचारको विरोधमा र सुशासनको पक्षमा निरन्तर क्रियाशिल पत्रका मध्येाट प्रत्येक बर्ष एक जनालाई नगरीय सुशासन पत्रद्दकारिता पुरस्कार दिन नगर सभामा पेश गरेको छु ।

४) सबै वडा कार्यालयहरुमा गुनासो सुन्ने अधिकारी, हेल्प डेक्स र केन्द्रीय कार्यालयमा श्रव्यदृश्य नागरिक वडापत्रको व्यवस्था गर्न नगर सभामा पेश गरेको छु ।

५) कर्मचारीको क्षमता विकास, अनुशासन, वृत्ति विकासमा जोड दिई कर्मचारी प्रशासनलाई जवाफदेही, प्रतिस्पर्धी र उत्प्रेरित बनाईनेछ । विकासलाई जनतासंग आबद्ध गराई नगरको विकासमा जनताको हातमालोलाई आत्मसात गर्न नगर सभामा पेश गरेको छु ।

६) नागार्जुन नगरपालिकाको कर्मचारी विनियमावली परिमार्जन सहित पास गर्न नगर सभामा पेश गरेको छु ।

७) नागार्जुन नगरपालिकालाई छिटो , छरितो रुपमा न्याय दिनका लागि आवश्यक श्रोत, साधन र संयन्त्रको उच्च प्रबन्ध मिलाईनेछ । आगामी आ.व.भित्र सबै वडा कार्यालयमा मेलमिलाप केन्द्र सन्चालन गरी मेलमिलाप हुने प्रकृतिको स्थानीय विवादहरु व्डास्तरमै मेलमिलाप गराई विवाद निरुपण गर्न नगर सभा समक्ष पेश गरेको छु ।

८) नागार्जुन नगरपालिकाको सेवा प्रवाहसंग सम्बन्धित ऐन, नियमावली, कार्यविधि, मापदण्ड, निर्देशिका, मार्गदर्शन, दिग्दर्शन आदि तयार गरी लागू गर्न नगर सभा समक्ष पेश गरेको छु ।

९) सुरक्षित यात्राको लागि सडक सुशासन कायम गरिनेछ । सवारी साधन, लेन अनुशासन र पैदल यात्रुको अधिकारलाई सुनिश्चित गर्न नगर सभा समक्ष पेश गरेको छु ।

१०) सीसी क्यामराको माध्यमबाट प्रविधि मैत्री सुरक्षा नीति नगरपालिका भित्र लागू गरिनेछ । अपराध नियन्त्रण र दुर्घटना न्यूनीकरण लगायतका कार्यक्रमलाई नेपालसरकारसंग समन्वय गरि उच्च सतर्कता कायम गर्ने नीति लिईनेछ । कार्यालय व्यवस्थापनलाई पारदर्शी बनाउनका लागि नागार्जुन नगरपालिकाका सबै कार्यालयमा सी.सी.टि.भि.अनिवार्य जडान गर्न नगर सभा समक्ष पेश गरेको छु ।

११) आगामी आ.व.देखि नगर प्रहरीहरुको व्यवस्था गरी उनीहरुलाई गुणस्तरीय बनाउन क्षमता विकास, तालिम तथा श्रोत साधन उपलव्ध गराई नगर प्रहरीलाई नतिजामूलक सुरक्षा बलको रुपमा विकास गर्न नगर सभा समक्ष पेश गरेको छु ।

१२) पदाधिकारीको आचार संहिता बनाई लागु गर्न नगर सभा समक्ष पेश गरेको छु ।

१३) Internet Communication having internet access with server. गर्न नगर सभा समक्ष पेश गरेको छु ।

१४) G.L.S. coding mapping with software installation. गर्न नगर सभा समक्ष पेश गरेको छु ।

१५) नगरपालिकामा उत्कृष्ट काम गर्ने ३ जना कर्मचारीहरुलाई सेवा पदक र एक महिनाको तलब बराबरका रकम पुरस्कार दिन नगर सभा समक्ष पेश गरेको छु ।

आर्थिक तथा वित्त नीति तर्फः

१) यस नगरपालिकाको आन्तरिक श्रोतको प्रभावकारी परिचालन गर्न प्रगतिशील कर प्रणालीको विकास, सक्षम कर निर्माण, करको दायरा विस्तार र राजश्व चुहावट नियन्त्रणलाई प्रभावकारी बनाइनेछ। साथै उत्कृष्ट करदाता र उत्कृष्ट करसंकलन गर्ने वडालाई सम्मान गर्न नगर सभा समक्ष पेश गरेको छु।

२) यस नगरपालिका भित्र रहेका पूर्व निमिर्त घरहरुलाई करको दायरामा ल्याउनको लागि १० बर्ष भन्दा बढिको कर तिर्न बाकी रहेका करदाताहरुलाई एकपटकलाई जम्मा रकमको २५ प्रतिशत छुटको व्यवस्था गर्न नगर सभा समक्ष पेश गरेको छु। (उक्त साविक रामकोट र भिमढुंगा बाहेक)

३) करदाताहरुलाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागी गराउँदै समग्र राजश्व प्रणलीलाई करदातामैत्री बनाउन नगर सभा समक्ष पेश गरेको छु।

४) यस नगरपालिकाका सम्पूर्ण करदाताहरुको तथ्यांक संकलन गरी अभिलेख अध्यावधिक गरिनेछ। राजस्व असुली कार्यमा विभिन्न निकायहरु र उपत्यकाका अय नगरपालिकाहरुसंग समनवयतथा सहकार्य गरी राजश्व परिचालनमा अभिवृद्धि गर्न नगर सभा समक्ष पेश गरेको छु।

५) यस नगरपालिकाका क्षेत्रभित्र संचालन हुने गरी अनुमति लिएका संघसंस्था एवम व्यापार व्यवसाय दर्ता र नविकरण हुनुपूर्व नागार्जुन नगरपालिकामा अनिवार्य दर्ता हुनुपर्ने र खारेजी हुनुपूर्व यस नगरपालिकाको सिफारिश अनिवार्य हुनुपर्ने व्यवस्थाका लागि सम्बद्ध निकायहरुसंग सहकार्य गरिने छ। कुनै पनि संघसंस्थाले यस नगरपालिका क्षेत्रभित्र कार्य गर्दा नगरपालिका संग अनिवार्य सम्झौता गरेर मात्र कार्य गर्न नगर सभा समक्ष पेश गरेको छु।

६) यस नगरपालिकाका सबै प्रकारका कर असुलीलाई प्रभावकारी बनाउन आवश्यक ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड बनाई लागू गरिनेछ। बहाल करलाई प्रभावकारी बनाउनका लागि बहालमा दिने र लिने बिच अनिवार्य सम्झौता गरी सो को जानकारी सम्बन्धित वडा कार्यालयमा दिनुपर्ने व्यवस्था लागू गरिनेछ। साथै हाललाई ८% घर वाहल कर लिन नगर सभा समक्ष पेश गरेको छु।

७) आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आन्तरिक लेखा परीक्षण र कर परीक्षण कार्यलाई थप प्रभावकारी बनाउन नगर सभा समक्ष पेश गरेको छु।

८) स्थानीय उद्यमशिलता, शिप विकास र स्थानीय श्रोत साधनको उपयोगको माध्यमबाट स्थानीय उत्पादन अभिवृद्धि गरी स्थानीय आर्थिक विकासका लागि सहकारी संस्थाको दर्ता, नियमन र प्रबर्धन गरिनेछ। शहरी गरिवी निवारणको लागि सहकारी क्षेत्रको विकास र प्रबर्धन गर्न नगर सभा समक्ष पेश गरेको छु।

९) यूवा तथा नगरवासीहरुको सम्बृद्धि र आय आर्जन बृद्धिका लागि एक वडा एक विशेष उद्योग कार्यक्रम संचालन गर्न नगर सभा समक्ष पेश गरेको छु।

१०) व्यवसाय प्रबर्धनका लागि यस नगर क्षेत्र भित्र नगरवासीहरुले कुनै किसिमको कृषि व्यवसाय संचालनको हकमा १० रोपनी जग्गा र ५ बर्ष सम्झौता रहेको र व्यवसाय वा उद्योगको हकमा कम्तिमा २ रोपनी र सम्झौता अवधि भएको उद्योग र व्यवसायलाई लगानीको आधारमा नगरपालिकाले अनुदान दिने नीति लिन नगर सभा समक्ष पेश गरेको छु।

११) ठूला र अत्याधुनिक भौत्तिकपूर्वाधार विकास गरी शहरी सेवाको गुणस्तर र क्षेत्र विकास एवं स्थानीय तहका रोजगारी सृजना गर्न सार्वजनक नीजि साझेदारी अवधारणा अनुरुपको कार्यक्रम तर्जुमा गरी लागू गर्न नगर सभा समक्ष पेश गरेको छु।

शहरी विकास सम्बन्धी नीति तर्फः

१) नमूना नगरपालिका बनाउन एक कार्यविधि बनाई आवश्य पहल गर्न नगर सभा समक्ष पेश गरेको छु।

२) नागार्जुन नगरपालिकाको दीर्घकालिन, मध्यकालिन र अल्पकालिन योजना एवं क्षेत्रगत गुरुयोजनाहरु तयार गर्न नगर

सभा समक्ष पेश गरेको छु ।

३) एक वडा एक गौरवमय योजना र नगर स्तरीय गौरवको योजना संचालन गर्न नगर सभा समक्ष पेश गरेको छु ।

४) वडा स्तरको विकास निर्माणको कार्यमा स्थानीय समुदायको व्यापक सहभागिता र प्रतिस्पर्धा सृजन गर्न स्थानीय टोल सुधार समितिहरु मर्फत गरिने कार्यहरु पहिचान गरी ती कार्यहरु जनस्तरबाट गर्ने व्यवस्था मिलाइनेछ । टोल सुधार समितिहरुको सहकार्यलाई व्यवस्थित तथा प्रभावकारी बनाउन आवश्यक मापदण्ड तयार गरिनेछ । सोको लागि कार्यविधि बनाई लागू गर्न नगर सभा समक्ष पेश गरेको छु ।

५) यस नगरपालिका क्षेत्रभित्र अव्यवस्थित रुपमा रहेका केवल, विद्युत, टेलिफोन तार लगायका अन्य पोल एवं तारहरुलाई व्यवस्थित गरिनेछ । विद्युतीय तारहरु, टेलिकमका तारहरु लगायत अन्य तारहरुलाई सम्भव भएसम्म जमिनमुनि विछ्याइने नीति लिइनेछ । यसका लागि नेपाल सरकार, राष्ट्रिय तथा अन्तराष्ट्रिय सेवा प्रदायक संस्थाहरुसंग आवश्यक समनवय र सहकार्य गर्न नगर सभा समक्ष पेश गरेको छु ।

६) यस नगरपालिकाका सरकारी, सार्वजनिक तथा पर्ति जग्गाको अतिक्रमण रोकी संरक्षण गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । यस्ता सार्वजनिक जग्गाहरुमा बाल उद्यान, स्मार्ट यूथ पार्क, फेमिली पार्क, योगा पार्क तथा जेष्ठ नागरिक पार्कहरु र सार्वजनिक भवन, खुला क्षेत्रहरुको रुपमा विकास गरिनेछ । सोको लागि कार्यविधि बनाई लागू गर्न नगर सभा समक्ष पेश गरेको छु ।

७) नागार्जुन नगरपालिकाको समष्टिगत विकासका लागि राष्ट्रिय अन्तराष्ट्रिय सहयोगहरु आकर्षित गर्न थप योजनाहरु ल्याइनेछ । विदेशी नगर तथा भगिनी सम्बन्ध भएका सहरहरुसंगको साझेदारीमा समेत विशेष कार्यक्रमहरु सञ्चालन गर्ने नीति लागू गर्न नगर सभा समक्ष पेश गरेको छु ।

८) नागार्जुन नगरपालिकाको अन्य नगरपालिकाहरुसंगको सहकार्यमा नगरपालिका एकीकृत विकास कार्यक्रम अघि बढाइनेछ र नगरपालिकालाई एउटा सिङ्गो समृद्ध शहरका रुपमा विकास गर्न पहल गरिनेछ । यसका लागि नगर नगर लागत साझेदारी कार्यक्रम संचालन गर्न नगरका सबै नगरपालिकाहरुले गर्ने साझा कार्यहरुको पहिचान गरी कार्यान्वयनका लागि छुट्टै नियम निर्माण गरी लागु गर्न नगर सभा समक्ष पेश गरेको छु ।

९) भौत्तिक पूर्वाधार सम्वन्धी मापदण्ड तयार गरी वस्तुस्थितिलाई अद्यावधिक गर्न नगर सभा समक्ष पेश गरेको छु ।

१०) ऐतिहासिक स्युजरल्याण्ड पार्क, सेतो गुम्बा, ईचंगुनारायण मन्दिर, विष्णुदेव मन्दिर, आदेश्वर मन्दिर, विरभगवती, केदार नाथ, बद्रीनाथ धाम, कोटेश्य भैरव, हल्चोक भैरव, श्यामेश्वर महादेव, शान्तेश्वर महादेव, विन्दावासिनी, कौडु भग्वती, कृष्ण मन्दिर, पञ्कन्या मन्दिर, कुमारी मन्दिर, कल्पेश्वर मन्दिर, छोडतेन गुम्बा, काली देवि मन्दिर, इन्द्रायणि मन्दिर लगायतलाई ऐतिहासिक संग्रहालय एवं पार्कको रुपमा विकास गर्न नगर सभा समक्ष पेश गरेको छु ।

११) नमूना सहरको अवधारणालाई मूर्त रुप दिन नागार्जुन नगरपालिकाको प्रत्येक घरको कम्पाउण्ड वाल निर्माण कार्यलाई निरुत्साहित गर्दै उक्त क्षेत्र हरियाली प्रबर्धन र शहरी सौन्दर्यमा रुपान्तरण गर्ने कार्यलाई प्राथमिकता दिन नगर सभा समक्ष पेश गरेको छु ।

१२) उज्यालो नागार्जुन नगरपालिका कार्यक्रम अन्तर्गत नगर क्षेत्र भित्रका सडकहरुमा आवश्यक संख्यामा सडक बत्ती जडान गरिनेछ । हरेक घरले सार्वजनिक प्रयोगका लागि बाटो तर्फ अनिवार्य रुपमा एउटा बत्ति राख्नुपर्ने व्यवस्था लागू गर्न नगर सभा समक्ष पेश गरेको छु ।

१३) यस नगरपालिकालाई मास्क मुक्त बनाउनका लागि बस्ती सडकलाई "आफ्नो सडक आफै सफा गरौं" कार्यक्रम संचालन गरि सडक सफाई कार्यक्रम संचालन गर्न नगर सभा समक्ष पेश गरेको छु ।

१४) नगर भित्रका प्रत्येक घरधुरीहरुलाई घर नम्बर दिने दिने कार्यलाई अगाडि बढाउन नगर सभा समक्ष पेश गरेको छु।

१५) नागार्जुन नगरपालिका वडा नं. ३ आदेश्वर देखि चिसापानी सम्मको क्षेत्रलाई वस्ती विकासको लागि उपत्यका विकास प्राधिकरणसंग समन्वय गरि कार्य अगाडि बढाउन गर्न नगर सभा समक्ष पेश गरेको छु ।

पूर्वाधार विकास तर्फः

१) यस नगरपालिका क्षेत्रभित्र निर्माण गरिने भौत्तिक पूर्वाधारहरु अपाङ्ग मैत्री, वातावरण मैत्री र लैंगिक मैत्रीबनाउन गर्न नगर सभा समक्ष पेश गरेको छु ।

२) सितापाईला, रामकोट, भिमढुङ्गा सडकलाई जति सक्दो छिटो सम्पन्न गराई सडकको दाया बाया हरियाली कायम गर्न नगर सभा समक्ष पेश गरेको छु ।

३) सिताराम टौखेल सडकलाई जति सक्दो छिटो सम्पन्न गराई सडकको दायाबाया हरियाली कायम गर्न नगर सभा समक्ष पेश गरेको छु ।

४) अन्तरजिल्ला र अन्तर नगरपालिका जोड्ने मूख्य सडकहरुलाई कालो पत्रे तथा मर्मत गर्न नगर सभा समक्ष पेश गरेको छु ।

५) महानगर र चक्रपथ विकास आयोजनासंग समन्वय गरी स्यूचाटार, सितापाईला, स्वयम्भु र ठूलो भन्याङ्ग क्षेत्रमा आकाशे पूल निर्माण गर्न नगर सभा समक्ष पेश गरेको छु ।

६) गणेशमान पार्कलाई जति सक्दो छिटो सम्पन्न गरि संचालनमा ल्याउन गुरु योजना तयार गर्न नगर सभा समक्ष पेश गरेको छु ।

७) यस नगरपालिका भित्र सामुदायिक अस्पताल निर्माण गर्न नगर सभा समक्ष पेश गरेको छु ।

८) यस नगरपालिकाको केन्द्रीय कार्यालय भवन तथा केही वडाहरुमा वडा कार्यालय भवन नभएको हुंदा यसै आ.व.भित्र सम्पन्न गर्ने गरी रकम रु. ३ करोड विनियोजन गर्न नगर सभा समक्ष पेश गरेको छु ।

९) यस नगरपालिकामा निर्माण गरिने ढलहरुलाई वर्गिकृत गरी बर्षेपानी ढलको रुपमा छुट्याई सन्चालन गरिनेछ । यस कार्यमा सम्बन्धित अन्य निकायहरुको समन्वयमा कार्यक्रम तयार गरी आवश्यक बजेटको व्यवस्थापन गरी कार्यान्वयन गर्न नगर सभा समक्ष पेश गरेको छु ।

१०) निम्न सडकहरुलाई मूख्य रुपमा प्राथमिकता दिई अगि बढाउन नगर सभा समक्ष पेश गरेको छु ।

क) कलंकी स्यूचाटार, रामकोट, भिमढुंगा नर्सरी सडक

ख) बाफल रामकोट, महांकाल सडक

ग) सितापाईला, टौफिकल, सिताराम मा.वि. सडक

घ) सितापाईला, रामकोट, भिमढुंगा धादिङ्ग मूल सडक

ङ) फस्कु घट्टे खोला, नर्सरी घुम्ती सडक

च) स्वयम्भू देखि इचंगुनारायण हुदै रामकोट, भिमढुंगा (९ मि.) सडक

छ) कारखाना चोक, सितापाईला मूल सडक

ज) सानो भर्याङ्ग तिन घरे रानीवन सडक

झ) का.म.न.पा. १५ र १६ सिमाना ढुंगेधारा रानीवन हुदै जाने सडक

ञ) आदेश्वर, भद्रमति हुदै स्वयम्भू जोडने सडक

ट) इचंगु भद्रमति करिडोर सडक

ठ) थापाचोक, सेतो गुम्बा चिसापानी सडक

ड) महांकाल, टार गाउ, गोताम थोक सडक

ढ) घट्टेखोला भिर कोट खड्का गाउ पाखुरे हुदै पर्यटकिय सडक

ण) स्यूचाटार, ग्रिन भिलेज, रामकोट सडक

त) तारपुञ्ज, सोति गाउ दहचोक सडक

थ) घडी पसल, परी गाउ, कुमाहिटी सडक

११ नगरपालिका भित्र पर्यटक सुधारको लागि पद मार्ग एवं विभिन्न ठाउमा साईकलिङ्ग मार्ग निर्माण गर्न नगर सभा समक्ष पेश गरेको छु ।

१२ यस नागार्जुन नगरपालिका भित्र पर्ति तथा सार्वजनिक जग्गामा बसोबास गर्ने व्यक्तिहरुलाई १५ दिनभित्र घरटहरा भए खाली गराउन नगर सभा समक्ष पेश गरेको छु ।

१३ शाखा बाटो तथा मितेरी बाटो अन्तर्गत हसन्टार फुटबल ग्राउड देखी कंकाली चन्द्रागिरी जोड्ने सडक स्तर उन्नती गर्न आवश्यक बजेटको व्यवस्था गर्न नगर सभा समक्ष पेश गरेको छु ।

१४) नागार्जुन न.पा. ७ बतासे कुवा इन्द्रेणि पाखो महादेवस्थान सडक निर्माणमा प्राथमिकता दिन नगर सभा समक्ष पेश गरेको छु ।

१५) हसन्टार गैरी गाउ रामकोट सडक निर्माणमा प्राथमिकता दिन नगर सभा समक्ष पेश गरेको छु ।

१६) कलंकी, स्यूचाटार, रामकोट हुदै भिमढुंगा जाने बाटो निर्माण तथा बिस्तार गर्न प्रमुख प्राथमिकता दिन नगर सभा समक्ष पेश गरेको छु ।

१७) ना.न.पा. वडा १०, ९ हुदै ८ सम्म जोड्ने सेरे खोल्सी करिडर निर्माण गर्न विषेश प्राथमिकतामा राख्न नगर सभा समक्ष पेश गरेको छु ।

१८) भवन निर्माण मापदण्ड तर्फ पोखरी छेउमा निर्माण कार्य स्विकृत दिदै पोखरीको सिमानाबाट ३ मि. को मापदण्ड लागु गर्न नगर सभा समक्ष पेश गरेको छु ।

१९) आदेश्वर फुटसललाई अन्तराष्ट्रिय स्तरको फुटसलको रुपमा विकसीत गर्न पहल गर्न नगर सभा समक्ष पेश गरेको छु ।

२०) नगरस्तरिय डि.पि.आर. तयार गरी कार्यान्वयन गर्न नगर सभा समक्ष पेश गरेको छु ।

क) कलंकी, स्यूचाटार, भिमढुंगा सडक

ख) सीतापाईला, सोल्टी दोबाटो, खरीटार रामकोट जाने बाटो

ग) सीतापाईला, टौफिखेल रामकोट सडक खण्ड

घ) स्वयम्भू, कारखाना, सीतापाइला बाटो

ङ) स्वयम्भू, इचंगु, रामकोट, भिमढुंगा सडक

च) यराहिटी रानीवन जाने सडक

छ) टावर चोक, आदेश्वर ह्वाईट गुम्बा हुदै चिसापानी जोडेने बाटो

ज) सानो भर्याङ्ग, तिन टारे, रानीवन सडक

झ) नागार्जुन नगरपालिका भित्र सन्चालन हुने हस्पिटल, पार्टी प्यालेस, फर्निचर, मेडीकल, चिल्ड्रेन पार्कको कार्य विधि निर्माण गरी स्वीकृति दिन नगर सभा समक्ष पेश गरेको छु ।

२१) घर निर्माण गर्दा बाटोलाई छोडेनु पर्ने सेडव्याकको भाग बाटोको लागि सिमाङ्कन गरी खुल्ला छोड्नु पर्नेछ र सो भन्दा बाहेकको सेडव्याकमा कम्पाउण्ड वाल लगाउन पउनेछ । साथै बाटोका सेडव्याक खुल्ला नछोडेमा निर्माण सम्पन्न ईजाजत नदिन नगर सभा समक्ष पेश गरेको छु ।

२२) नगरवासी वा खानेपानी समिति, ढल समितिले बाटो खन्दा अनिवार्यरुपमा सम्बन्धित वडा स्वीकृति लिई ल.ई बमोजिम आवश्यक रकम धरौटी राखी मात्र कार्य गर्न नगर सभा समक्ष पेश गरेको छु ।

२३) साविक गा.वि.स. हुदाको अवस्था देखि हाल सम्म बनिसकेको भुकम्प पिडितको घरहरुलाई नियमानुसार घरजग्गा कर र अभिलेखिकरणको दस्तुर लिई एक पटकको लागि धारो तथा बत्ति जडान गर्ने सिफारीस दिने । साथै साविकको गा.वि.स. हुदाको घरहरुलाई अभिलेखिकरण गर्न नगर सभा समक्ष पेश गरेको छु ।

२४) मापदण्ड विपरित बनेका भुकम्प पिडितको घरहरुलाई नक्सा प्रमाणित गरि राहत रकम लिन बाटो खुलाउनको लागि

पुननिर्माण प्राधिकरणमा अनुरोध गर्न नगर सभा समक्ष पेश गरेको छु ।

शहरी यातायात तर्फः

१) ठुला मूल सडकमा साना सवारी साधनहरुको प्रयोग लाई निरुत्साहित गरी नगर क्षेत्रमा ठूला सार्वजनिक बसहरु सन्चालन गर्न नगर सभा समक्ष पेश गरेको छु ।

२) नगर क्षेत्र भित्रको सम्भाव्य स्थानभित्रबाट जामाचो सम्म केवुल कार, कल्पेश्वर विद्यालयको क्षेत्र र स्वीजरल्याण्ड पार्कलाई पि.पि.पि.मोडलबाट विभिन्न परियोजनाहरु तत्काल संचालन गर्न नगर सभा समक्ष पेश गरेको छु ।

३) यस नगरपालिका क्षेत्रभित्र पार्किङको व्यवस्था गर्न नगर सभा समक्ष पेश गरेको छु ।

४) सडक कर र खनिज कर व्यवस्थापनको लागि कार्यविधि बनाई अघि बढाउन नगर सभा समक्ष पेश गरेको छु ।

सामाजिक विकास तथा सहकारी सम्बन्धी नीति तर्फः

१) नेपाल सरकारले जेष्ठ नागरिकलाई उपलव्ध गराएको सामाजिक सुरक्षा भत्ता प्रत्येक वडाबाट नजिकको बैंक वा वित्तिय संस्था मार्फत घर(घरमै वितरण गर्ने कार्य तत्काल लागू गर्न नगर सभा समक्ष पेश गरेको छु ।

२) सामाजिक विकासमा गैर सरकारी संस्थाको भूमिका परिभाषित गर्दै गैससंगको सहकार्य र परिचालन सम्वन्धी छुट्टै कानून बनाई प्रभावकारी नियमन गर्न नगर सभा समक्ष पेश गरेको छु ।

३) निजी क्षेत्रसंगको सहकार्यमा जनशक्तिको समुचित सदुपयोग गर्न रोजगारीका अवसरहरुको यथार्थ तथ्यांक संकलन गर्न नगर सभा समक्ष पेश गरेको छु ।

४) साना तथा घरेलु व्यवसाय शुरु गर्ने उद्यमीहरुलाई लगानी मैत्री वातावरण निर्माण गर्न आवश्यकपर्ने नियम, विनियमहरु क्रमशः बनाउँदै लान नगर सभा समक्ष पेश गरेको छु ।

५) युवाहरुको बैदेशिक रोजगारीमा जाने बढ्दो प्रवृत्तिलाई स्वदेशी उद्यममा आकर्षण गर्न स्वदेशी वस्तुहरुको उत्पादन, प्रवर्धन र बजारीकरणलाई प्रोत्साहन गरिनेछ । यसको सुरुवात स्वरुप नगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानहरुको पहिचान गरि नेपाली वस्तुहरुको बजार संचालनमा ल्याउनगर्न नगर सभा समक्ष पेश गरेको छु ।

६) सामाजिक परिचालनको लागि विभिन्न उमेर समूहका स्वयंसेवी समूहको रजिष्टर तयार गरी प्रत्येक वडामा सन्चालन हुने सामाजिक विकास कार्यक्रम एवं विकास निर्माणका क्षेत्रमा परिचालन गरिने छ । निवृत्त भएका राष्ट्र सेवक कर्मचारी, शिक्षक आदिको वृहत संजाल तयार गरी वहाँहरुको अनुभव तथा ज्ञानलाई सामाजिक सद्भाव, शिक्षा, स्वास्थ्य तथा उद्यमशीलता अभिवृद्धिमा लगाउन नगर सभा समक्ष पेश गरेको छु ।

७) युवाहरुलाई दुर्व्यसनमुक्त बनाउन सामुदायिक प्रहरीको क्षेत्र विकास गरी सामुदायिक प्रहरी सेवा मिली सचेतनामूलक एवं उपचारात्मक कार्यक्रमहरु सन्चालन गर्न नगर सभा समक्ष पेश गरेको छु ।

८) विशेष दिवस तथा पर्वहरुमा वातावरण संरक्षण, हरियाली प्रवर्धन एवं जनचेतनामूलक कार्यक्रमहरुको आयोजन गरी सामाजिक परिचालनमा जोड दिन नगर सभा समक्ष पेश गरेको छु ।

९) विभिन्न क्षेत्रहरुमा आवश्यकताका आधारमा सीपमूलक तालिम सन्चालन गरिनेछ । सोका लागि वडा नं.१ मा रहेको सुकुम्वासी अपार्टमेन्टलाइ तालिम केन्द्रको रुपमा विकास गर्न नगर सभा समक्ष पेश गरेको छु ।

१०) साना तथा मझौ व्यवसायहरुको लागि सहकारीको माध्यमबाट आयआर्जन र जीवनस्तरमा सुधार ल्याउने नीतिको थालनी गर्न नगर सभा समक्ष पेश गरेको छु ।

११) यस नगर क्षेत्रभित्र बसोवास गर्ने नगरवासीहरुको स्वास्थ्य तथा सामाजिक सद्भावलाई कायम गर्न सार्वजनिक स्थलमा धुम्रपान, मद्यपान तथा मादक पदार्थ सेवन गरी होहल्ला गर्न पूर्ण वन्देज लगाईनेछ र सो गरेको खण्डमा कसीको आधारमा कार्यविधि बनाई रकम रु.१००/- देखि ५००/- सम्म स्थलमा नै जरिवाना गर्न नगर सभा समक्ष पेश गरेको छु ।

१२) सहकारी क्षेत्रको विकास र प्रवर्द्धनलाई वित्तिय व्यवस्थापनमा एकरुपता गर्न नगर स्तरिय सहकारी विकास समिति गठन गर्ने नीति लिन गर्न नगर सभा समक्ष पेश गरेको छु ।

१३) यस नागार्जुन नगरपालिका भित्र रहेका जेष्ठ नागरिक, असहाय, असक्त, एकल महिला, फरक क्षमता भएका व्यक्तिहरु

(अपाङ्गगता), टुहुरा बालबालिकाहरुको लागि संरक्षण गर्न नगरपालिका भित्र रहेको सार्वजनिक तथा प्रति जग्गामा नगरपालिकाकै संरक्षण र रेखदेखमा रहने गरी संघ संस्थालाई भवन निर्माण गर्न अनुमति दिनको लागि नगर सभा समक्ष पेश गरेको छु ।

शिक्षा व्यवस्थापन नीति तर्फः

१) सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गरी आधुनिक, व्यावसायिक एवं प्रविधियुक्त शिक्षामा जोड दिईनेछ । विद्यालय शिक्षामा राष्ट्रियता र देशप्रेमको भावना विकास गर्ने, उच्च नैतिक चरित्र निर्माण गर्ने र कर्तव्यबोध गराउने जस्ता विषय समेत समावेश गरी थप पाठ्यक्रम मार्फत आदर्श र अनुशासित नागरिकका गुणहरु अध्ययन अध्यापन गराउन जोड दिईनेछ । विद्यालय तह देखिनै जीवन उपयोगी, व्यावसायिक र प्राविधिक शिक्षामा जोड दिने नीति लिने निर्णय गरियो ।

२) नागार्जुन नगरपालिका क्षेत्र भित्र सन्चालित शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा, पूर्व तयार कक्षा तथा कोचिङ कक्षाहरुको विवरण अद्यावधिक गरी प्रभावकारी नियमन गर्न नगर सभामा पेश गरेको छु ।

३) विद्यालय जाने उमेरका सम्पूर्ण बालबालिकाहरुलाई अनिवार्य विद्यालय जाने अवस्था सिर्जना गरी गुणस्तरीय विद्यालय शिक्षाको प्रत्याभूति गरिनेछ । बिचैमा विद्यालय छोड्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै विद्यालयमा शिक्षण मैत्री वातावरण सिर्जन गर्न नगर सभा समक्ष पेश गरेको छु ।

४) गरिब जेहेन्दार तथा विपन वर्गका बालबालिकालाई आवश्यकता अनुसार पाठ्यपुस्तक, पाठ्य सामाग्री र पोशाक लगायतका सामाग्री उपलव्ध गराई अभिभावकत्व प्रदान गर्न नगर सभा समक्ष पेश गरेको छु ।

५) नागार्जुन नगरपालिका क्षेत्रभित्र सन्चालन गरिएका सम्पूर्ण उच्च शिक्षा प्रदायक निजी संस्थाहरुको अनिवार्य रुपमा नागार्जुन नगरपालिकामा व्यवसाय दर्ता गर्ने व्यवस्था मिलाउन नगर सभा समक्ष पेश गरेको छु ।

६) शिक्षा क्षेत्रलाई सेवामूलक क्षेत्रका रुपमा विस्तार गरिनेछ । शिक्षामा निजी लगानीको नियमन गरी शैक्षिक क्षेत्रमा रहेको विषमता हटाईनेछ । संस्थागत विद्यालयहरुमा शुल्क निर्धारण गर्ने पद्धति र गुणस्तरको नियमित अनुगमन गरी पारदर्शी बनाउन नगर सभा समक्ष पेश गरेको छु ।

७) नागार्जुन नगरपालिकाको छात्रवृत्ति कोष विपन्न, गरिव जेहेन्दार र फरक क्षमता भएका बालबालिकाको शिक्षामा प्रयोग गर्ने नीति लिन गर्न नगर सभा समक्ष पेश गरेको छु ।

८) आधुनिक र गुणस्तरीय शिक्षा प्रवाह गर्नका लागि आवश्यकता अनुसार विशेषज्ञ शिक्षकबाट धेरै विद्यालयमा एकै समयमा अध्यापन गराउन सकिने गरी सूचना प्रविधिको माध्यमबाट अध्यापन गर्ने कार्यको थालनी गरिनेछ । यसका लागि श्रव्य दृश्य उपकरणको माध्यमबाट शिक्षा प्रवाह गर्ने संरचनाको विकास गर्न नगर सभा समक्ष पेश गरेको छु ।

९) प्राथमिक तहमा मातृभाषाको शिक्षण सिकाईलाई प्रोत्साहन गरिनेछ । नागार्जुन नगरपालिकाका आदिवासी समुदायको स्थानीय भाषा मातृ भाषाको सम्बर्द्धन र प्रवर्द्धनमा जोड दिन नगर सभा समक्ष पेश गरेको छु ।

१०) यस नगरपालिकामा स्थानिय प्राविधिक शिक्षालय बनाई अगाडि बढाउन नगर सभा समक्ष पेश गरेको छु ।

११) सामुदायिक विद्यालयमा शिशु कक्षा संचालनमा जोड दिदै लगाउन नगर सभा समक्ष पेश गरेको छु ।

१२) विद्यालय संचालनमा पूर्वाधार एवं विद्यार्थीको अवस्था हेरि विद्यालय समायोजन गर्ने नीति लिन नगर सभा समक्ष पेश गरेको छु ।

१३) नागार्जुन नगरपालिका क्षेत्रभित्र सन्चालित शिशु स्याहार केन्द्रको गुणस्तरीयता सम्बन्धमा प्रभावकारी अनुगमन तथा नियमन गर्ने प्रणालीको विकास गरिनेछ । प्रत्येक वडा क्षेत्रमा न्यूनतम एउटाका दरले आधुनिक शिशु स्याहार केन्द्र सन्चालन गर्न प्रोत्साहन गर्न नगर सभा समक्ष पेश गरेको छु ।

स्वास्थ्य सम्बन्धी नीति तर्फः

१) अति विपन्न तथा वरिष्ठ जेष्ठ नागरिकको विशेषज्ञ चिकित्सकद्धारा नियमित एवं निःशुल्क स्वास्थ्य परीक्षण सेवाको आवश्यक व्वस्था मिलाउन नगर सभामा पेश गरेको छु ।

२) नागार्जुन नगरपालिका क्षेत्रभित्र संचालित नीजि अस्पताल तथा क्लिनिकहरुले प्रदान गर्ने सेवा

नियमनको दायरामा ल्याईनेछ र सो को गुणस्तरीयता सुनिश्चित गर्नका लागि सम्बन्धित निकायहरुसंग सहकार्य गरी प्रभावकारी अनुगमन गरिनेछ। गुणस्तरीय सेवा प्रवाह नगरेमा वा लापरवाही गरेमा आवश्यक कारवाहीको थालनी गर्न नगर सभा समक्ष पेश गरेको छु।

३) सामुदायिक स्वास्थ्य केन्द्र (क्लिनिक) प्रबर्द्धन गर्दै निःशुल्क स्वास्थ्य परीक्षण सेवा सन्चालन गर्ने तथा सरकारले तोके बमोजिमको औषधि निःशुल्क वितरण गरिनेछ। प्रत्येक वडामा स्वास्थ्य केन्द्रको स्थापना गरी निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न नगर सभा समक्ष पेश गरेको छु।

४) शहरी स्वास्थ्य सेवालाई स्तरीय, प्रभावकारी र पहुंच योग्य बनाउन ठोस योजना बनाई कार्यान्वयन गरिनेछ र हरेक स्वास्थ्य चौकीमा ल्याव अनिवार्य गर्न नगर सभा समक्ष पेश गरेको छु।

५) नागार्जुन नगरपालिका क्षेत्रभित्र पशुपंक्षी तथा कुकुर पालनसम्बन्धी नियमन गर्नका लागि आवश्यक मापदण्ड बनाई लागू गर्न नगर सभा समक्ष पेश गरेको छु।

६) महिला स्वास्थ्य स्वयंसेविका मार्फत प्रदान गरिँदै आएको सेवालाई अझ विस्तार गरि यसको प्रभावकारीता अभिवृद्धि गरिनेछ। साथै हालसम्म महिला स्वास्थ्य स्वयंसेविकाले गरेको योगदानको कदर गर्दै उनीहरुले हाल पाईरहेको प्रोत्साहन भत्तामा समयानकुल बृद्धि गर्न नगर सभा समक्ष पेश गरेको छु।

७) नगर क्षेत्र भित्रका वेवारिशे लास, मरेका जिवजन्तुको व्यवस्थापन गर्ने दायित्व नगरपालिका कै भएको हुनाले त्यस्तो कार्यको लागि निजि साझेदारी कार्य गर्न अनुभवि संस्थाहरुसंग सम्झौता गरी बजेट व्यवस्थापन गरी वेवारिसे मरेका जिवजन्तुहरुको व्यवस्थापन गर्न नगर सभा समक्ष पेश गरेको छु।

८) यस नगरका जेष्ठ नागरिकलाई स्वास्थ्य सेवा पुर्याउने उद्धेश्यले नगरमा संचालित अस्पताहरुमा विशेष छुटको लागि प्रकृया अगाडि बढाउन नगर सभा समक्ष पेश गरेको छु।

९) प्रत्येक वडामा स्वास्थ्य चौकी एवं सहरी स्वास्थ्य क्लिनिकको स्थापना गर्ने नीति लिन नगर सभा समक्ष पेश गरेको छु।

संस्कृति, सम्पदा तथा पर्यटन सम्बन्धी नीति तर्फः

१) नागार्जुन नगरपालिका क्षेत्रभित्रका प्रचलित पर्व र अनय सांस्कृतिक क्रियाकलापहरुलाई संरक्षण तथा प्रबर्धन गर्न ञआवश्यक सहयोग गर्न नगर सभा समक्ष पेश गरेको छु।

२) नागार्जुन नगरपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक पोखरी, ढुंगेधारा मठमन्दिर लगायत ऐतिहासिक धरोहरको तथ्यांक संकलन गरि संरक्षण र विकसा गर्न नगर सभा समक्ष पेश गरेको छु।

३) नागार्जुन नगरपालिका क्षेत्रभित्रका विभिन्न धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्व बोकेको स्थानतथा सम्पदाहरुको मौलिक एवं प्राचीन नामहरुको खोजी गरी त्यस्ता स्थानहरुको मौलिकतालाई संरक्षण एवं प्रबर्द्धन गर्दै लान नगर सभा समक्ष पेश गरेको छु।

४) स्थानीय भाषा, लिपि, साहित्य र कलालाई प्राथमिकता साथ संरक्षण र प्रबर्धन गर्ने निर्णय गरियो।

५) नागार्जुन नगरपालिका स्तरीय जातीय तथा सांस्कृतिक संग्रहालय निर्माण गर्न नगर सभा समक्ष पेश गरेको छु।

६) नागार्जुन नगरपालिकाको स्वामित्वमा रहेको नागार्जुन जंगलक्षेत्र समेतलाई समेटी चलचित्र नगरिका रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ वा भाडा वा लिजमा दिन नगर सभा समक्ष पेश गरेको छु।

७) नागार्जुन एफ.एम.लाई व्यावसायिक रुपमा संचालन गर्ने नीति लिईनेछ। सो को लागि आवश्यक अध्ययन गरी कार्य प्रारम्भ गर्न नगर सभा समक्ष पेश गरेको छु।

८) स्थानीय राजपत्र र नगर वुलेटिनको प्रकाशनलाई नियमित र व्यवस्थि तगर्दै लान नगर सभा समक्ष पेश गरेको छु।

९) नेपाल सरकारले दिएका राष्ट्रिय पर्व, दिवस मनाउने सम्बन्धि कार्यहरु गर्न नगर सभा समक्ष पेश गरेको छु।

१०) इचंगुनारायण, आदेश्वर सेतो गुम्बा, सुजरल्याण्ड पार्क, हरिसिद्धि सल्लाघारी, भिमसेन स्थान सार्वजनिक पार्कलाई व्यवस्थित गर्न नगर सभा समक्ष पेश गरेको छु।

११) नगर क्षेत्र भित्रका एतिहासिक, पुरातात्विक एंव धार्मिक स्थलहरुको पहिचान गर्ने तथा यस क्षेत्रमा मनाईने रिति रिवाज

एवं परम्परालाई संरक्षण तथा सम्वर्द्धन गर्न नगर सभा समक्ष पेश गरेको छु ।

१२) सामुदायिक होम स्टे व्यवस्थापन गर्न, प्रवर्द्धन गर्नको लागि कार्यविधि बनाई अघि बनाई अनुदान दिन नगर सभा समक्ष पेश गरेको छु ।

१३) हल्चोक रातमाटे भ्युटावर निर्माण कार्यलाई निरन्तरता दिन नगर सभा समक्ष पेश गरेको छु ।

१४) बद्री नारायण धाम निर्माणको लागि बजेट व्यवस्थापन गर्न नगर सभा समक्ष पेश गरेको छु ।

१५) कमल पोखरी संरक्षण गर्न नगर सभा समक्ष पेश गरेको छु ।

१६) वि.पी. बाटिका तथा मनमोहन पार्क र पुष्पलाल वाटिकाको लागि आवश्यक बजेटको व्यवस्थाको गर्न नगर सभा समक्ष पेश गरेको छु ।

१७) पर्यटन सस्कृति विकास र समवर्द्धनका लागि दातृनिकाय, प्रदेश केन्द्रिय सरकार संगको परियोजनाहरु व्यवस्थित रुपमा सञ्चालन गरी पर्यटन र संस्कृतिको विकास गर्न नगर स्तरिय पर्यटन संस्कृति विकास समिति गठन गर्ने नीति लिन नगर सभा समक्ष पेश गरेको छु ।

१८) यस नागार्जुन नगरपालिका भित्र रहेको नेपालकै चार नारायण मध्यको कान्छा नारायण मन्दिरको नाममा परिचित राष्ट्रिय सम्पदा सूचिकृत रहेको ईचंगुनारायण मन्दिर प्रत्येक वर्षको हरिवोदनी एकादसी तुलसी विवाहको दिन भव्य रुपमा मेला लाग्ने भएको हुदा नगरपालिकामा स्थानिय पर्वको रुपमा १ दिने सार्वजनिक विदा दिन नगर सभा समक्ष पेश गरेको छु ।

वातावरण सम्बन्धी नीति तर्फः

१) नागार्जुन नगरपालिकामा भइरहेको प्रदुषण एवं धुवाू धुलो न्यूनिकरण गरी नो मास्क सिटीका रपमा विकास गर्न नगर सभा समक्ष पेश गरेको छु ।

२) नागार्जुन नगरपालिका क्षेत्रभित्रका खुला क्षेत्र, नदि किनार, सडक किनार, सार्वजनिक जग्गा, पर्ति तथा नदि उकासका स्थलहरुमा वृक्षारोपण गरी Green City प्रबर्धन गर्न नगर सभा समक्ष पेश गरेको छु ।

३) नागार्जुन नगरपालिका क्षेत्रभित्रका सार्वजनिक स्थानहरुमा आवश्यक संख्यामा सार्वजनिक शौचालय निर्माण गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाउन नगर सभा समक्ष पेश गरेको छु ।

४) नागार्जुन नगरपालिका क्षेत्रभित्र वायू प्रदुषणको एउटा प्रमुख कारक सवारी साधनहरुबाट निस्कने धुवाँ भएको हुनाले यस्ता प्रदूषण गर्ने सवारी साधनहरुलाई सुधार र प्रदुषण नियन्त्रण गर्न महानगरपालिकाहरुसँग सहकार्य गरिनेछ । यस्तै नेपाल सरकारसंग समन्वय गरेर यस्ता सवारी साधनहरुले प्रदुषण कर वापत तिरेको करलाई प्रदुषण नियन्त्रण गर्ने कार्यका लागि उपयोग गर्न नगर सभा समक्ष पेश गरेको छु ।

५) यस नगरपालिका क्षेत्रभित्रका नदीनालाको सरसफाई र संरक्षणको उचित व्यवस्था गरी नदीलाई मानव सभ्यता र सौन्दर्यसंग आवद्ध गर्न नगर सभा समक्ष पेश गरेको छु ।

६) एक घर दुई रुखको कार्यक्रमलाई यस आर्थिक वर्षमा अभियानका रुपमा कार्यान्वयन गर्न नगर सभा समक्ष पेश गरेको छु ।

७) नागार्जुन नगरपालिकालाई प्लाष्टिक झोलामुक्त शहर बनाउन सो सम्बन्धी कार्यविधि बनाई कार्यान्वयनमा ल्याउन नगर सभा समक्ष पेश गरेको छु ।

८) नगर क्षेत्र भित्र रहेका सम्पूर्ण खानेपानी उपभोक्ता समितिहरुलाई समेटि नगर स्तरको खानेपानी तथा सरसफाई समन्वय समिति गठन गरी खानेपानीको धारा जडान सम्बन्धि दर, महशुलमा एकरुपता गरी खानेपानी समितिहरुलाई करको दायरामा ल्याउन नगर सभा समक्ष पेश गरेको छु ।

९) खानेपानी मुहानको संरक्षण जोड दिई डिप बोरिङ्ग कार्यलाई न्युनिकरण गर्न नगर सभा समक्ष पेश गरेको छु ।

१०) नागार्जुन न.पा. ३ बंगला क्षेत्रको सामुदायिक वन मध्यवर्ती क्षेत्रको जग्गामाा एक (१) खेलकुद आरोग्य केन्द्र र डोलगेंमा उद्यानपार्क निर्माण गर्न प्रदेश र केन्द्रिय सरकार संग समन्वय गर्न गर्न नगर सभा समक्ष पेश गरेको छु ।

११) नगर क्षेत्र भित्रको जलाधार क्षेत्रको संरक्षण गरी खा.पा.परियोजना निर्माण गरी स्वच्छ सफा खानेपनी व्यवस्थापन

गरी सदुपयोग गर्न र अव्यवस्थीत रुपमा भईरहेको डिपबोरिङ्गलाई नियन्त्रण गर्दै जाने र खा.पा. व्यवस्थापनलाई एकरुपता कायम गर्दै नगरस्तरीय खानेपानी विकास बोर्ड गठन गर्न नगर सभा समक्ष पेश गरेको छु ।

बिपद व्यवस्थापन सम्बन्धी नीति तर्फः

१) दिगो पूर्वाधार विकास प्रकृयामा विपद् जोखिम न्यूनिकरणका अवधारणाहरुलाई मूल प्रवाहीकरण गर्न नगर सभा समक्ष पेश गरेको छु ।

२) आपत्कालीन कार्य संचालन संरचना विकास गरी विपद् व्यवस्थापनको संस्थागत क्षमता बृद्धि गर्न नगर सभा समक्ष पेश गरेको छु ।

३) नागार्जुन नगरपालिका वासीको सुरक्षा व्यवस्था मिलाउन नगर प्रहरी, नेपाल प्रहरी र सामुदायिक संस्थासंग सहकार्य अभिवृद्धि गर्न नगर सभा समक्ष पेश गरेको छु ।

४) नागार्जुन नगरपालिका क्षेत्रमा नै दमकल लगायत विपद् व्यवस्थापनका लागि चाहिने उपकरणहरुको व्यवस्था मिलाउन नगर सभा समक्ष पेश गरेको छु ।

५) आगलागी भएको अवस्थामा तत्काल आगो नियन्त्रण गर्न दमकद तथा यम्बुलेन्स जान सक्ने गरी प्रत्येक वडामा अग्नी नियन्त्रण यन्त्रको व्यवस्था गराउन नगर सभा समक्ष पेश गरेको छु ।

६) प्रत्येक घरमा प्राथमिक उपचार बक्सको व्यवस्था गर्न नगर सभा समक्ष पेश गरेको छु ।

७) प्रत्येक घरहरुमा विपद व्यवस्थापनको सामाग्री अनिवार्य राख्न नगरवासीहरुलाई अनुरोध गर्ने निर्णय गर्न नगर सभा समक्ष पेश गरेको छु ।

अन्तराष्ट्रिय सम्बन्ध नीति तर्फः

१) नागार्जुन नगरपालिकाको विकासका लागि अन्तराष्ट्रिय सहयोग जुटाउन अन्तराष्ट्रिय सम्बन्ध विस्तार गरिनेछ यसका लागि विभिन्न सहरहरुसंगको भगिनी सम्बन्ध विस्तार गर्दै लान नगर सभा समक्ष पेश गरेको छु ।

२) वैदेशिक सहयोग परिचालन गर्दा आय बढाउने, रोजगारी सृजना गर्ने, वातावरण संरक्षण गर्ने र नगरपालिकाको प्राथमिकतामा परेका आयोजना कार्यान्वयनमा जोड दिन नगर सभा समक्ष पेश गरेको छु ।

३) नागार्जुन नगरपालिकाको आयोजना, परियोजना बैंक बनाई प्राथमिकता प्राप्त क्षेत्रमा बैदेशिक सहयोग परिचालन गर्ने नीति लिन नगर सभा समक्ष पेश गरेको छु ।

कृषि तथा खाद्य नीति तर्फः

१) जनताको स्वास्थ्यसंग प्रत्यक्ष रुपमा सम्बन्धित खाद्यान्नको गुणस्तर कायम गर्न विषादि प्रयोग नभएको गुणस्तरयुक्त खाद्य सामग्रीको मात्र नगरभित्र आपूर्ति व्यवस्था मिलाउने संस्थागत व्यवस्था गरी अनुगमन तथा कावारहीलाई जोड दिन नगर सभा समक्ष पेश गरेको छु ।

२) आम नागरिकसंग सरोकार राख्ने आधारभूत वस्तु तथा सेवाको आपूर्ति र गुणस्तर कायम गर्न स्थानीय बजार व्यवस्थापन सम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयन गर्न नगर सभा समक्ष पेश गरेको छु ।

३) कृषि उपजको संरक्षणका लागि आधुनिक शित भण्डारण निर्माणमा जोड दिन नगर सभा समक्ष पेश गरेको छु ।

४) मासु व्यवसायीहरु संलग्न बधशाखा निर्माण तथा सन्चालन गरी स्वस्थ्य मासुजन्य खाद्य पदार्थको उपभोग गर्न पाउने हकलाई सुनिश्चित गरिनेछ । सो को लागि बध गरिने जनावरको स्वास्थ्य परीक्षण, सफा र स्वस्थ बधशाखाको विकास, मासु पसलको गुणस्तरीयता परीक्षण गर्ने प्रबन्ध मिलाउन नगर सभा समक्ष पेश गरेको छु ।

५) नागार्जुन नगरपालिका क्षेत्रभित्र संचालनमा आएका सम्पूर्ण, होटल, रेष्टुरेन्ट तथा खाद्यपदार्थ विक्रि वितरण गर्ने स्थानहरुको गुणस्तर परीक्षण गरी खाद्य गुणस्तर प्रमाणपत्र वितरण गर्ने कार्यको थालनी गर्न नगर सभा समक्ष पेश गरेको छु ।

६) तरकारी तथा फलफुल बजार, बधशाला, माछा मासुका बजारलाई आधुनिकीकरण गरी व्यवस्थित गर्न नगर सभा समक्ष पेश गरेको छु ।

७) नगरपालिकालाई कृषि प्रवर्द्धन गर्नको लागि एक कृषि बजारको व्यवस्थापन गर्न नगर सभा समक्ष पेश गरेको छु ।

८) नगरपालिका भित्रको खेतीयोग्य जमिनलाई कृषि व्यवसायमा सदुपयोग (प्रयोग) गरी कृषि व्यवसायलाई वैज्ञानिकिकरण आधुनिकिकरण उन्मख कृषि प्रणालीको विकासका लागि किसानहरुको प्रोत्साहन र हौसला बढाउन १ वडा नं. ३ मा किसान कृषि परियोजना अनुदान कार्यक्रम संञ्चालन गर्ने नीति लिन नगर सभा समक्ष पेश गरेको छु ।

९) नागार्जुन नगरक्षेत्रको सामुदायिक वन र मध्यवर्ती क्षेत्रको जग्गा जमिन उत्पादन मुलक व्यवसायिक रुपमा प्रयोग गर्न कृषि र पर्यटन परियोजना सञ्चालन गर्ने निजि कम्पनी र सहकारी संस्थाहरुलाई जग्गा लिजमा दिई परियोजना संचालन गर्ने नीति लिन नगर सभा समक्ष पेश गरेको छु ।

१०) समुदायमा आधारित व्यवसायिक परियोजना संञ्चालन गर्ने नगर क्षेत्र भित्रका सहकारी संस्थाहरुलाई कृषि र पर्यटन विकास कार्यका लागि अनुदान रकम दिने व्यवस्था गर्ने नीति लिन नगर सभा समक्ष पेश गरेको छु ।

भवन मापदण्ड सम्बन्धी नीति तर्फः

१) भवन निर्माण गर्ने स्थल, जग्गाको क्षेत्रफल, सडकको चौडाई, जग्गाको चलन चल्तीको मुल्यर भवन उपयोगको प्रकृतिको आधारमा भवन निर्माण ईजाजत दस्तुरलाई पुनरावलोकन गरिनेछ । भवन निर्माण प्रक्रियालाई अझ बैज्ञानिक, सरल, सहज, प्रभावकारी र दस्तुरलाई न्यायोचित बनाउन नगर सभा समक्ष पेश गरेको छु ।

२) यस नगरपालिका भित्र भवन निर्माण ईजाजत विपरित निर्माण भएका तथा स्वीकृति लिईएको स्थानीय बजार व्यवस्थापन सम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयन गर्न नगर सभा समक्ष पेश गरेको छु ।

३) कृषि उपजको संरक्षणका लागि आधुनिक शित भण्डारण निर्माणमा जोड दिन नगर सभा समक्ष पेश गरेको छु ।

४) मासु व्यवसायीहरु संलग्न बधशाखा निर्माण तथा सन्चालन गरी स्वस्थ्य मासुजन्य खाद्य पदार्थको उपभोग गर्न पाउने हकलाई सुनिश्चित गरिनेछ । सो को लागि बध गरिने जनावरको स्वास्थ्य परीक्षण, सफा र स्वस्थ बधशाखाको विकास, मासु पसलको गुणस्तरीयता परीक्षण गर्ने प्रबन्ध मिलाउन नगर सभा समक्ष पेश गरेको छु ।

५) नागार्जुन नगरपालिका क्षेत्रभित्र संचालनमा आएका सम्पूर्ण, होटल, रेष्टुरेन्ट तथा खाद्यपदार्थ विक्रि वितरण गर्ने स्थानहरुको गुणस्तर परीक्षण गरी खाद्य गुणस्तर प्रमाणपत्र वितरण गर्ने कार्यको थालनी गर्न नगर सभा समक्ष पेश गरेको छु ।

६) तरकारी तथा फलफुल बजार, बधशाला, माछा मासुका बजारलाई आधुनिकीकरण गरी व्यवस्थित गर्न नगर सभा समक्ष पेश गरेको छु ।

७) नगरपालिकालाई कृषि प्रवर्द्धन गर्नको लागि एक कृषि बजारको व्यवस्थापन गर्न नगर सभा समक्ष पेश गरेको छु ।

८) नगरपालिका भित्रको खेतीयोग्य जमिनलाई कृषि व्यवसायमा सदुपयोग (प्रयोग) गरी कृषि व्यवसायलाई वैज्ञानिकिकरण आधुनिकिकरण उन्मख कृषि प्रणालीको विकासका लागि किसानहरुको प्रोत्साहन र हौसला बढाउन १ वडा नं. ३ मा किसान कृषि परियोजना अनुदान कार्यक्रम संञ्चालन गर्ने नीति लिन नगर सभा समक्ष पेश गरेको छु ।

९) नागार्जुन नगरक्षेत्रको सामुदायिक वन र मध्यवर्ती क्षेत्रको जग्गा जमिन उत्पादन मुलक व्यवसायिक रुपमा प्रयोग गर्न कृषि र पर्यटन परियोजना सञ्चालन गर्ने निजि कम्पनी र सहकारी संस्थाहरुलाई जग्गा लिजमा दिई परियोजना संचालन गर्ने नीति लिन नगर सभा समक्ष पेश गरेको छु ।

१०) समुदायमा आधारित व्यवसायिक परियोजना संञ्चालन गर्ने नगर क्षेत्र भित्रका सहकारी संस्थाहरुलाई कृषि रपर्यटन विकास कार्यका लागि अनुदान रकम दिने व्यवस्था गर्ने नीति लिन नगर सभा समक्ष पेश गरेको छु ।

११) राजकुलो बाटो - राजकुलो बाटो प्रयोजनमा आइसकेको अवस्थामा बाटो ४ मिटर कायम गरी Set Back ५ फिट छोडी घर निर्माण गर्न पाउने अन्य अवस्थामा कुलोको केन्द्रबाट दायाँ बायाँ ४ मिटर छोडी भवन निर्माण अनुमति दिने नगर सभामा पेश गरेको छु

१२) पार्किङ्ग एरिया Far मा count नगर्नको लागि नगर सभामा पेश गरेको छु ।

